# उद्यमशिलता, व्यवसाय प्रवर्द्धन र नवप्रवर्तन केन्द्र संचालन कार्यविधि - २०७७

स्वीकृत मिति :- २०७७/०६/२५

पुतलीबजार नगरपालिका,

स्याङ्जा

## पुतलीवजार नगरपालिका नगर कार्यपालिका स्याङ्जा

## उद्यमशिलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन केन्द्र संचालन सम्बन्धि कार्यविधि-२०७७

## Entrepreneurship, Business Incubation and Innovation Center-2077

**प्रस्तावना :**

पुतलीबजार नगरपालिकाको अभियान समृद्ध पुतलीबजार सुखी नगरबासीको लक्ष्य पुरा गर्नका लागि युवा विद्यार्थीहरुलाइ नव प्रवर्तनमा योजनाबद्ध ढंगबाट प्रेरित गर्न जरुरी छ । उद्यमशिलता, व्यवसायिक वातावरण सृजना गर्ने र स्वरोजगार तथा रोजगारीको अभियान संचालन गर्न जरुरी छ । यस कार्यलाई मूर्त रुप दिन नियमित युवा विद्यार्थीहरुलाई आवश्यक परामर्श, अनुशिक्षण, आवश्यक सहयोग, विज्ञ व्यक्तिहरुसंग अनुभव आदान प्रदान, सिपमूलक तालिम, नयाँ व्यवसाय शुरुवातका लागि वातावरण बनाउनका लागि उद्यमशिलता, व्यवसाय प्रवर्द्धन तथा नव प्रवर्तन केन्द्र भ्यक्ष्क्र्र स्थापना र संचालन गर्न उद्यमशिलता, ब्यवसाय प्रवर्द्धन तथा नव प्रवर्तक केन्द| Entrepreneurship Business Incubation and Innovation Center को संचालनका लागि यो कार्यविधि तयार गरिएको छ ।

### परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम उद्यमशिलता, ब्यवसाय प्रवर्धन तथा नवप्रवर्तन केन्द्र Entrepreneurship Business Incubation and Innovation Center संचालन कार्यविधि २०७७ रहने छ ।

(ख) यो कार्यविधि पुतलीवजार नगरपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) कार्यविधि भन्नाले उद्यमशिलता ब्यवसाय प्रवर्धन तथा नवप्रवर्तन केन्द्र संचालन गर्ने कार्यविधिलाई बुझिन्छ ।

(ख) पालिका भन्नाले पुतलीवजार नगरपालिकालाई सम्झनुपर्छ ।

(ग) नगर प्रमुख भन्नाले पुतलीबजार नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ

(घ) उप प्रमुख भन्नाले पुतलीबजार नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले पुतलीबजार नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ

(च) रोष्टर भन्नाले EBIC मा छलफलका लागि आउने स्वयम् सेवी बिज्ञहरुको सुचि सम्झनुपर्छ ।

प्रमाणित गर्ने :
सिमा कुमारी क्षेत्री
प्रमुख

(छ) सम्बन्धित निकाय भन्नाले सरोकारवाला निकायलाइ सम्झनुपर्छ ।

(ज) नियमित खोजकर्ता भन्नाले EBIC मा नियमित नवप्रर्वतनमा संलग्नलाई बुझाउनेछ ।

(झ) नव उद्यमि /नव ब्यावसायी भन्नाले उद्यम वा व्यवसाय गर्न रुची राखी EBIC का कार्यक्रममा सहभागी हुनेलाई सम्झनुपर्छ ।

(ञ) विषय विज्ञ भन्नाले विभिन्न विधाका स्वेदेश तथा विदेशमा रहेका विज्ञहरु जसले EBIC मा आफ्नो ज्ञान प्रदान गर्न र थप श्रोत साधन सम्पन्न गराउने प्रतिवद्धता भएका विज्ञहरुलाई जनाउछ ।

(ट) कोष भन्नाले उद्यमशिलता, व्यवसाय प्रबर्द्धन तथा नवप्रवर्तन केन्द्रका लागि प्राप्त नगद जिन्सी लगायतका सामाग्रीहरु जनाउनछ ।

(ठ) इविक (EBIC) भन्नाले उद्यमशिलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन केन्द्र ( Enterpreneurship, Business Incubation and Innovation Center) भन्ने बुझ्नु पर्दछ ।

(ड) इविक दस्ता (EBIC Force) भन्नाले इविकको लक्ष्य उद्धेश्य पुरा गर्न स्वयम सेवि रुपमा कार्य गर्न लिखित प्रतिबद्धता व्यक्त गरेका व्यक्तिहरुको समुहलाई जनाउने छ ।

## परिच्छेद २

## कार्यविधिका उद्धेश्यहरु

### ३. कार्यविधिका उद्धेश्यहरु

पुतलीबजार नगरपालिकामा उद्यमशील, व्यवसायको खोज तथा आविष्कारजन्य कार्यका लागि विशेष गरी युवा, विद्यार्थी र नवप्रवर्तन उद्यमशील व्यवसायी प्रवर्द्धन गर्ने उद्धेश्यहरु रहेको छ ।

१. नगरका युवाहरुको सीप दक्षता बृद्धि गरी स्वरोजगारी तथा रोजगारीको प्रबर्द्धन गर्ने ।

२. नविनतम सोचहरुलाई प्रोत्साहन, उपयुक्त वातावरण तयार गरी उद्यमशिलता प्रबर्द्धन गर्ने ।

३. उद्यमशिलता, व्यवसाय प्रबर्द्धनका सफलताका अनुभवहरुको आदान प्रदान तथा प्रकाशन गर्ने ।

४. उद्यमशिलता, व्यवसाय प्रबर्द्धन नयाँ आविश्कारसंग सम्बन्धित सरोकारवाला व्यक्ति संघ संस्थाहरुसंग सहकार्य गर्ने ।

५. युवा विद्यार्थीहरुमा नवप्रर्वतनको अवधारणा विकास गरी नयाँ आविश्कारको वातावरण तयार गर्ने ।

६. विज्ञ, वेरोजगार, नमुना कार्य गर्ने युवा तथा उद्यमीहरुको अभिलेख डिजिटल समेत तयार गर्ने ।

७. व्यवसायिक संभावनाहरुको श्रोत पहिचान गरी सहजीकरण गर्ने ।

प्रमाणित गर्ने :
सिमा कुमारी क्षेत्री
प्रमुख

८. नगरलाई  व्यवसाय/उद्यम शुरुवात गर्ने (Start up) उपयुक्त स्थलका रुपमा विकास गर्ने ।

९) चुनौति कोष (Challenge Fund) संचालन गर्ने ।

**४. कार्यक्षेत्र :**

इविकले उद्यमशिलता व्यवसाय प्रवर्द्धन गर्ने तथा नयाँ आविश्कारका लागि वातावरण बनाउने अवधारणा हो । पुतलीबजारमा नै रहेर केही कार्य गर्ने सोच भएका तर के कसरी गर्ने भन्ने स्पष्ट परिकल्पना गर्न नसकेका व्यवसायिक सोच भएका तपसिका बर्ग क्षेत्रमा EBIC को मुख्य कार्यक्षेत्र रहने छ ।

- युवा
- विद्यार्थी
- उद्यमशिलता,
- नयाँ आविश्कार
- घरेलु तथा साना उद्योग
- बेरोजगार युवा
- विदेशबाट फर्किएका युवा
- व्यवसाय/उद्यम गर्न उद्धेश्य भएका नगरवासी
- महिला, एकल महिला
- अपाङ्ग

## परिच्छेद ३

### EBIC संचालन तथा व्यवस्थापन समिति :

**५. EBIC संचालन तथा व्यवस्थापन समिति :**

EBIC को लक्ष्य उद्धेश्य प्राप्ती तथा दैनिक कार्य संचालन, व्यवस्थापन, अनुगमन र मूल्याँकनका लागि तपसिल अनुसारको संचालन तथा व्यवस्थापन समिति गठन हुने छ ।

१) नगर प्रमुख  - संयोजक

२) नगर उपप्रमुख -  सह संयोजक

३) प्रशासन, योजना तथा अनुगमन अधिकृत- सदस्य

४) सदस्य - प्रमुख उद्योग शाखा

५) सदस्य - कार्यक्रम सम्पर्क व्यक्ति

६) सदस्य - उद्योग व्यवसायीहरुबाट समितिले चयन गरेको २ जना

७) सदस्य - सुर्योदय क्लव

८) सदस्य - आर्थिक विकास शाखा प्रमुख

प्रमाणित गर्ने :
सिमा कुमारी क्षेत्री
प्रमुख

९) सदस्य सचिव – प्रमुख प्रशासकीय अधिकृत

१०) आमन्त्रीत सदस्य - संयुक्त राष्ट्र संघीय कार्यक्रम, गण्डकी प्रदेश

११) समितिमा आवश्यकता अनुसार सरकारी तथा गैर सरकरी संस्था वा विषय विज्ञलाई आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सकिने छ ।

## ६. EBIC संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य अधिकार

क) EBIC को दैनिक कार्यको अनुगमन गर्ने ।

खं) EBIC को लागि आवश्यक रोष्टर तयार गर्ने ।

ग) EBIC को लागि आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।

घ) नव उद्यमी /व्यवसायीहरु पहिचान , प्रशिक्षण, सहजीकरण, आवश्यक अन्य श्रोत साधनको व्यवस्थापनमा सहजीकरण गर्ने ।

ङ) पुतलीबजारको व्यवसायिक सम्भावनाहरुका बारेमा भौतिक तथा भर्चुअल विधिबाट विभिन्न छलफल /अर्न्तक्रिया संचालन गर्ने ।

च) विभिन्न निश्चित विषयहरु तय गरी विशेष विज्ञहरुद्वारा नियमित खोजकर्ताको माध्यमबाट नयाँ आविष्कारहरुको खोज गर्ने ।

छं) नयाँ व्यवसाय /उद्यमको खोज गर्न विभिन्न चुनौति प्रतियोगीताहरु (Innovation Challenge competition) संचालन तथा पुरस्कृत गर्ने ।

ज) नगरमा उद्यमशिलता विकास, व्यवसायिक प्रबर्द्धन तथा नव प्रवर्तनका लागि स्वयमसेविहरुको छनौट, EBIC दस्ता तयार गर्ने ।

झ) नगरमा व्यवसाय/उद्यम शुरुवात गर्ने (Start up) उपयुक्त वातावरण बनाउने ।

ञ) इविक दस्ताको तयारी र सुपरिचालन गर्ने ।

ट) सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

# परिच्छेद ४

## कोषको स्थापना र संचालन

### ७. कोष स्थापना र संचालन :-

EBIC संचालनका लागि छुट्टै कोषको स्थापना गर्न सकिने छ । पुतलीबजार नगरपालिका अन्य सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त सहयोग तथा सहयोगी व्यक्तिहरुबाट प्राप्त सहयोग यस कोषमा जम्मा गर्न सकिने छ । कोष संचालनका लागि इविक संचालन तथा व्यवस्थापन समितिले तोकेको समितिका कुनै २ जनाको नाममा खाता संचालन गरी कोषको संचालन गर्न सकिनेछ ।

प्रमाणित गर्ने :<br>सिमा कुमारी क्षेत्री<br>प्रमुख

## ८. कोषको खर्च

यस EBIC को उद्देश्य प्राप्तिका लागि मात्र यस कोषको परिचालन गरीनेछ ।

### परिच्छेद ५

### विविध

## ९. फोकल पर्सन

पुतलीबजार नगरपालिकाले EBIC को दैनिक कार्य संचालनका लागि १ जना कर्मचारीलाई EBIC को फोकल पर्सन तोक्नेछ ।

## १०. EBIC संगठनात्मक स्वरुप

१) उद्यमशिलता

२) व्यवसाय प्रवर्दन

३) नव प्रवर्दन /आविष्कार र

४) नयाँ उद्यम सृजन कक्ष गरी ४ शाखाहरु रहनेछन् ।

१०.१ इविकका ४ वटै शाखाहरु संचालनका लागि समितिले शाखा व्यवस्थापन उपसमिति गठन गर्न सक्नेछ ।

## ११. दैनिक संचालन :

EBIC संचालन तथा व्यवस्थापन समितिले दैनिक कार्य संचालनका लागि ३ जना सम्म सकृय स्वयमसेवि छनौट गरि दैनिक कार्यलाई व्यवस्थित गर्नेछ । स्वयमसेविहरुले स्वयमसेवा गर्ने अधिकतम समय सिमा २ महिना मात्र हुनेछ । स्वयमसेविहरुले स्वयम सेवाका लागि कार्य गर्नेछन ।

(क) उद्यम प्रवर्द्धन, व्यवसाय प्रवर्द्धन, नव प्रवर्तनका लागि आउनेहरुको अनुसूचि १ अनुसारको सुचना संकलन गरिनेछ ।

(ख) उनीहरुको चाहनाको क्षेत्र वर्गिकरण गरिनेछ । सोही अनुसारको विज्ञ /रोष्टरवाट स्वयम् सेवी रुपमा आमन्त्रण गरी मार्गनिर्देशन गरिनेछ ।

(ग) वार्षिक २ पटक पालिकालाई आवश्यक रहेको उद्यम / व्यवसाय /नवखोजका विषयमा छलफल /अर्न्तक्रिया भर्चुअल समेत ) कार्यक्रम राखिनेछ ।

(घ) उद्यम / व्यवसाय /नवखोजका सरोकारवाला सरकारी /गैरसरकारी निकायहरुसंग सहमति गरि नव उद्यमी , नव व्यवसायी र नियमित खोजकर्ताहरुलाई आवश्यक सहयोग गरिनेछ ।

(ङ) उद्यम / व्यवसायको सम्भावना, दर्ता प्रकृया , व्यवसायीक योजना , पुंजि व्यवस्थापन, कच्चा पदार्थ व्यवस्थापन , वजारीकरण तथा व्यवसायको स्तरीकरण सम्मको सबै चरणहरुमा अनुशिक्षण ,प्रशिक्षण, मार्गनिर्देशन , परामर्श , सहजिकरण गरिनेछ ।

प्रमाणित गर्ने :
सिमा कुमारी क्षेत्री
प्रमुख

(च) उत्कृष्ट /सफल अभ्यासहरुको डकुमेन्टेशन लिपिबद्ध गर्ने ।

(छ) नियमित विज्ञहरुको रोष्टर अभिलेखिकरण गर्ने ।

(ज) इविक दस्ता परिचालन गर्ने

**१२. उद्यम सृजन कक्ष (co working space) :**

नयां उद्यम व्यवसाय शुरु गर्न चाहनेले आफनो उद्यमको शुरुवात गर्न आवश्यक तयारीका लागि प्रयोग गर्न सकिने गरी उद्यम सृजन कक्ष रहने छ । यस कक्षमा फर्निचर, इन्टरनेट, फोन आदिको व्यवस्था हुने छ । यस कक्षको प्रयोग गरेवापत न्युन शुल्क लाग्ने छ । शुल्क भ्द्यक्ष्क्र संचालन तथा व्यवस्थापन समितिले निणर्य गरे वमोजिम हुने छ ।

**१३. इविक दस्ता (EBIC Force) :**

उद्यम, व्यवसाय तथा नयाँ खोज गर्न गराउन, स्वयमसेवीका रुपमा स्वस्फुर्त काम गर्न इच्छुकहरुको समुह बनाइने छ । इविकबाट प्रशिक्षित, सहकार्य प्राप्त युवा विद्यार्थीहरुलाई पनि यस दस्तामा समावेश गरिने छ । नव उद्यमी व्यवसायी तथा खोजकर्ताहरुलाई उनीहरुको आवश्यकता अनुसार सहजीकरण गर्ने सफलताका अनुभवहरु छलफल गराउने, नयाँ उद्यम शुरुवात गर्ने उपयुक्त स्थलका रुपमा नगरलाई चिनाउन पहल गर्ने यस दस्ताको मुख्य कार्य हुने छ ।

१४. EBIC मा प्राप्त हुने सेवाहरु

१४.१ उद्यमशिलता कक्ष तर्फ

१४.१.१– परार्मश / सेवा सल्लाह विज्ञबाट

१४.१.२– अनुभव आदान प्रदान सेवा

१४.१.३– व्यवसायिक योजना निर्माण सहजीकरण

१४.१.४– कच्चा पदार्थ बजारीकरण सहजीकरण

१४.१.५– कर्जाका लागि बैंक वित्तिय संस्था सहजीकरण

१४.१.६– दर्ता प्रक्रिया सहजीकरण

१४.१.७– मेशिन औजार सम्बन्धी सहजीकरण

१४.२ व्यवसाय प्रर्वद्धन तर्फ

१४.२.१– व्यवसायिक विज्ञद्धारा परामर्श / अनुभव आदान प्रदान

१४.२.२– दर्ता प्रक्रिया सहजीकरण

१४.२.३– व्यवसायिक योजना निर्माण सहजीकरण

प्रमाणित गर्ने :
सिमा कुमारी क्षेत्री
प्रमुख

१४.२.४– कर्जाका लागि बैंक वित्तिय संस्था सहजीकरण

१४.३ नव प्रवर्तन/आविश्कार तर्फ

१४.३.१– विषय विज्ञद्वारा परामर्श, शिक्षण अभ्यास सहजीकरण

१४.३.२– सामान्य औजार उपकरणको उपलब्धता

१४.३.३– विश्वव्यापी अनुभव शिक्षण

१४.३.४– अभ्यास कक्षाको उपलब्धता

१४.३.५– अविश्वासको पेटेन्ट राइटको सहजीकरण

१४.४ नयाँ उद्यम सृजन कक्ष

१४.४.१ कार्य कक्ष उपलब्ध हुने

१४.४.२ टेलिफोन इन्टरनेट सुबिधा उपलब्ध हुने

१४.४.३ अन्य आवश्यक प्राविधिक सहयोग

## परिच्छेद ६

**१५. भर्चुअल कार्यक्रम संचालन :** EBIC बाट संचालन हुने परामर्श सेवा, तालिम, कृषक पाठशाला, सफल व्यवसायीका अनुभव आदानप्रदान, बैठक, खोजकार्यका कक्षाहरु लगायत संचालन हुने गतिविधीहरु विभिन्न एप्लिकेशन अनलाईनका माध्यमबाट भर्चुअल संचालन गर्न सकिने छ ।

**१६. लेखा परिक्षण**

कोषको लेखापरिक्षण पालिकाको आलेप शाखाले गर्नेछ ।

**१७. अनुगमन**

EBIC संचालन तथा व्यवस्थापन समितिले आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

**१८. प्रतिवेदन**

सरोकारवाला निकायमा आवश्यकता अनुसार प्रतिवेदन पठाइनेछ ।

**१९. संसोधन**

यस कार्यविधिमा कुनै संसोधन गर्नु परेमा पालिकावाट संसोधन गर्न सकिनेछ ।

**२०. अमान्य हुने**

यस कार्यविधिमा जेसुकै लेखिएको भएतापनि प्रचलित कानुनसंग वाझिएको हदसम्म कार्यविधि अमान्य हुनेछ ।

प्रमाणित गर्ने :
सिमा कुमारी क्षेत्री
प्रमुख

# अनुसुची १

उद्यमशिलता व्यवसाय प्रवर्द्धन तथा नव प्रवर्तन केन्द्र ( EBIC )

पुतलीवजार नगरपालिका, स्याङ्जा

सूचना फाराम

क.स. नाम थर ठेगाना फोन नम्वर इमेल अनुभव

आफुले काम गर्न चाहेको विषय

उद्यम व्यापार नया खोज

रोजाइको विषयमा गर्न चाहेको कामको विवरण:

अपेक्षा गरेको सहयोगको विवरण

प्रतिवद्धता

अन्य केही भए

....................

हस्ताक्षर

नाम

ठेगाना

प्रमाणित गर्ने :
सिमा कुमारी क्षेत्री
प्रमुख